नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २३९ २०७८ साल बैशाख १३ गते सोमबार (26 Apr. 2021 Monday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : 'कसरी हुन्छ जनतालाई ... ३ पृष्ठमा : कोभिड बढ्न थालेसँगै ... ३ पृष्ठमा : भारतको दिल्लीमा मात्रै ...


# सप्तरीमा एकै टोलका ११ जनासहित १५ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**

सप्तरीमा आइतबार एकै टोलका ११ जनासहित १५ जना कोरोना संक्रमित फेला परेका छन् ।

आइतबारै परिक्षण गरिएका २२ मध्ये १५ जना संक्रमित फेला परेका हुन् । फेला परेका संक्रमित मध्ये ९ जना पुरुष र ६ जना महिला छन् ।

जिल्लाको डाक्नेश्वर नगरपालिका ३ तरहीका ११ जना संक्रमित फेला परेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् । ती एघारै जना चार परिवारका छिमेकी रहेको उनले जानकारी दिए ।



यस्तै फेला परेका अन्य संक्रमितहरु विष्णुपुर गाउँपालिका, राजविराज नगरपालिका, हनुमानगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका एक/एक जना रहेका छन् ।

ती मध्ये जटिल अवस्थाका एक जनालाई गजेन्द्र नारायण सिंह अस्पतालकै आइसोलेशनमा तथा अन्य संक्रमितलाई होमआइसोलेशनमा पठाइएको गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले बताए ।

योसँगै एक महिना यता कोरोनाबाट संक्रमित हुनेको संख्या जिल्लामा २७ पुगेको छ ।

# तीन हजार १ सय २२ जनामा संक्रमण पुष्टि, २८ को ज्यान गयो

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ बैशाख ।**

नेपालमा पछिल्लो २४ घण्टामा थप ३ हजार १ सय २२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने थप २८ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको जानकारी अनुसार ९ हजार २ सय ९२ पीसीआर परीक्षणमा ३ हजार ३२ र ७ सय ८६ एन्टिजेन परीक्षणमा ९० जना गरी ३ हजार १ सय २२ जनामा संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार शनिबारसम्म कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या ३ हजार १ सय ३६ रहेकोमा आइतबारको २८ जना थपिएसगै मृतकको संख्या ३ हजार १ सय ६४ पुगेको छ ।

हाल देशभर कोरोना भाइरसको सक्रिय संक्रमित संख्या १९ हजार ३ सय ८२ पुगेको छ । जसमध्ये १७ हजार ७ सय ८८ जना होम आइसोलेसनमा र १ हजार ५ सय ९४ जना संस्थागत आइसोलेसनमा रहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा १४९८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार काठमाडौं जिल्लामा ११३२, ललितपुरमा २७० र भक्तपुरमा ९६ गरी १४९८ जनामा संक्रमण पुष्टि भएको छ ।

इस्यस्तै बाँकेमा ३५३, ललितपुमा २७०, रुपन्देहीमा २०९,

*बाँकी अन्तिम पृष्ठमा*

# "मास्क नलगाए एक सय जरिवाना, एक महिना कैद"

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**

कोरोना रोकथाम तथा नियन्त्रणका लागि सप्तरीमा मास्क खोइ ! अभियान आइतबारदेखी सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र शसस्त्र प्रहरी बलले संयुक्त रुपमा सो अभियान सुरु गरेको हो ।

अभियान अन्तर्गत आइतबार सप्तरी सदरमुकाम राजविराज, रुपनी, बिरेन्द्र बजार, रुपनगरमा माक्स नलगाई हिड्ने सर्वसाधारण तथा सवारी चालकलाई माक्स वितरण गरिएको छ ।



माक्स नलगाई हिंड्ने संक्रमण रोग ऐन २०२० अनुसार कारबाही गरिने भन्दै सचेत गराइएको सप्तरीका प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलले जानकारी दिएका छन् ।

सोमबारदेखी यस अभियानलाई अझ कडाई गर्दै मस्क नलगाई हिड्नेलाई एक महिना जेल र एक सय रुपैयासम्म जरिवाना हुन सक्ने प्रमुख जिल्ला अधिकारी पोखरेलले जानकारी दिए ।

**सूचना**

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# गर्भपतन मुद्दामा फरार प्रतिवादी चार वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**

गर्भपतन मुद्दामा फरार एक प्रतिवादी चार वर्षपछि पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ६ निवासी ६५ वर्षय फेकु राम रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

रामबाबु यादवको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फेकु राम गर्भपतन मुद्दामा सप्तरी जिल्ला अदालतको २०७३ चैत १६ गतेको फैसलाले एक बर्ष एक महिना कैद ठहर गरिएको थियो । कैद ठहर गरेकै दिनबाट उनी फरार रहेको प्रहरीले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*



# 'कसरी हुन्छ जनतालाई बचाऔँ '

काठमाडौँ, १२ वैशाख (रासस) ।

प्रतिनिधिसभा सदस्यले जनताको जीवन रक्षा पहिलो प्राथमिकता भएकाले कोभिड-१९ नियन्त्रणका सबै संयन्त्रलाई चलायमान बनाउनुपर्नेमा जोड दिनुभएको छ । उहाँहरुले विगतबाट पाठ सिकेर कमजोरी हटाउँदै स्वास्थ्य मापदण्डलाई पूर्ण पालना गरी नागरिकको जीवनरक्षामा लाग्न संसदीय समितिमार्फत आह्वान गर्नुभएको छ । "कानून निर्माता हामीले जनतालाई बचाउन के गर्ने हो, त्यो हेरौँ, अब हाम्रो एउटै उद्देश्य हुनुपर्छ, कसरी हुन्छ जनतालाई बचाऔँ भन्ने, त्यसमा सांसदको भूमिका के हुने, संसदीय समितिले कसरी योगदान दिने", नेकपा (एमाले)का सदस्य नवराज सिलवालले भन्नुभयो, "त्यसतर्फ समितिको ध्यान जाओस् ।"

तराई प्रभावित भइरहेको सन्दर्भ जोड्दै सिलवालले आजको राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा निकट भविष्यमा काठमाडौँ उपत्यका प्रभावित हुने अवस्था देखिएको तर्फ राज्यको ध्यानाकर्षण गराउनुभयो । हुन त समितिको यही वैशाख ९ गतेको बैठकले १६ बुँदे निर्देशन जारी गर्दै कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि भरपर्दो उपाय अवलम्बन गर्न राज्यलाई निर्देशन दिएको थियो । सांसदले कोरोना नियन्त्रणमा लाग्ने संयन्त्रलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

एमालेकै लालबाबु पण्डितले भारतको अवस्था दयनीय रहेकाले अब नेपालमा पनि त्यो स्थिति आउनसक्ने भनी चिन्ता प्रकट गर्नुभयो । "निषेधात्मक आदेश जारी गर्नुपर्ने पनि हुन सक्छ, विशेष ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो । सोही दलका खेमप्रसाद लोहनी र लक्ष्मी चौधरीले आवश्यकतानुसार अनुगमन गरेर सङ्क्रमण रोकथाममा सबै संयन्त्र लाग्नुपर्नेमा जोड दिनुभयो ।

यतिबेला नागरिक बचाउनु नै ठूलो कुरा भएको जनाउँदै नेपाली कांग्रेसका मोहनप्रसाद पाण्डेले भन्नुभयो, "अस्पताल पर्याप्त बनाउनुपर्‍यो, औषधि पर्याप्त राख्नुपर्‍यो, जिल्लाका सबै निकायलाई प्रभावकारी परिचालन गर्नुपर्छ, आफूले गर्नुपर्ने कामबाट राज्य बाहिर गएको छ, यसमा समितिको आवश्यक निर्देशन जरुरी छ ।" कांग्रेसकै देवेन्द्रराज कँडेलले कोभिडमा राज्य संयन्त्रले कसरी काम गरिरहेको छ भन्नेमा संसदीय समितिको ध्यान त्यसतर्फ जानुपर्नेमा जोड दिनुभयो । "वीर अस्पतालमा भएको अक्सिजन प्लान्ट चल्न सकिरहेको छैन, अनुदानमा बाहिरबाट आयात गर्ने कुरा हुँदैछ, आफ्नो भइरहेकालाई चलाउन नसक्ने, अनि बाहिरबाट ल्याएर सम्भव छ ?", उहाँले प्रश्न गर्दै भन्नुभयो । अब जनतालाई कसरी सुरक्षित पार्न सकिन्छ भन्नेतर्फ समितिले ध्यान दिनुपर्नेमा उहाँको जोड थियो ।

नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर भए पनि मुख्य क्षेत्रको अनुगमन जरुरी रहेको बताउनुभयो । विषम परिस्थितिमा सरकार, संसद् र संवैधानिक निकाय चलायमान हुनैपर्नेमा उहाँको जोड थियो । उहाँले समितिबाट भएको निर्देशन कार्यान्वयन भयो कि भएन भनेर अनुगमन जरुरी रहेको बताउनुभयो । विगतमा पनि सीमाक्षेत्रबाट आएका नेपालीको सुरक्षित व्यवस्थापन हुन नसक्दा कोरोना फैलिएको उदाहरण पेश गर्दै उहाँले अहिले पनि त्यही अवस्था आएको विचार राख्नुभयो ।

नेकपा (माओवादी केन्द्र) की रेखा शर्माले भौतिकरुपमा उपस्थित भएर अन्य वैकल्पिक विधि अपनाएर कोभिड-१९ सङ्क्रमण नियन्त्रणको अवस्थाको अध्ययन गरी आवश्यक सुझाव दिनुपर्ने औँल्याउनुभयो । जनता समाजवादी पार्टीका रामसहायप्रसाद यादव र माओवादी केन्द्रका महेश्वरजङ्ग गहतराजले सरकारले आफैँले जारी गरेको आदेश आफैँले उल्लङ्घन गरिरहेका भनी आलोचना गर्नुभयो । उहाँहरुले कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि भइरहेका कारवाहीको अनुगमन गरी राज्यलाई आवश्यक निर्देशन जरुरी रहेको बताउनुभयो ।

सांसद छक्कबहादुर लामाले वर्तमान जटिलावस्थामा राज्यव्यवस्थासमितिले वाच डगको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । "हरेक गतिविधिको जानकारी लिएर नेतृत्वलाई सही दिशानिर्देशन गर्नु जरुरी छ", लामाले भन्नुभयो, "सही समयमा सही निर्णय नगर्दा अवस्था जटिल हुन सक्छ भन्नेतर्फ समितिको ध्यान जानुपर्छ ।"

# स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गराउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १२ वैशाख (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले जारी गरेको स्वास्थ्य मापदण्डको कडाइका साथ पालना गराउन सम्बद्ध निकायलाई निर्देशन दिनुभएको छ । पछिल्ला दिनमा कोरोनाको दोस्रो लहर बढ्दै गएको र दैनिक सङ्क्रमितको सङ्ख्यामा उल्लेख्य वृद्धि भएपछि शनिबार कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी) अधिकारीसँग छलफलका क्रममा प्रधानमन्त्रीले स्वास्थ्य मापदण्डको पालनामा कडाइ गर्न आग्रह गर्नुभएको हो ।

सिसिएमसीले गरेको ब्रिफिङपछि प्रधानमन्त्रीले केही दिन अघि जारी भएको स्वास्थ्यमा मापदण्डको कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिनुभएको थियो । ब्रिफिङमा सहभागी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव खगराज बरालका अनुसार कोरोनाको सङ्क्रमण रोक्न स्थानीय तहले नै कडाइका साथ स्वास्थ्य मापदण्ड लागू गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिनुभएको थियो ।

सिसिएमसीले यही वैशाख ६ मा सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्डको पालना, सङ्क्रमणको अवस्था तथा सरकारको तयारीबारे जानकारी गराएको थियो । यस्तै, सरकारको तर्फबाट आगामी दिनमा चाल्नुपर्ने कदमलगायत विषयमा आवश्यक छलफल गरी खाका ल्याउन प्रधानमन्त्रीले सिसिएमसीलाई निर्देशन दिनुभएको छ । सरकारले काठमाडौँ उपत्यकालगायतका जिल्लामा शैक्षिक संस्थालाई वैकल्पिक माध्यमबाट सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । यस्तै, सवारी साधनमा मास्क तथा स्यानीटाइजरलगायतको व्यवस्था गरिको छ । मनोरञ्जन स्थल तथा भीडभाड हुने स्थानमा २५ जना बढी भेला हुन नपाउने व्यवस्था गरेको छ ।

# कोभिडविरुद्ध एकताबद्ध हुन प्रमको निर्देशन

काठमाडौँ, १२ वैशाख (रासस) ।

प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कोभिड-१९ विरुद्ध एकताबद्ध भएर खट्न सम्पूर्ण पार्टी कमिटीलाई निर्देशन दिनुभएको छ । एमाले दशौँ राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको बालुवाटारमा आइतबार बसेको तेस्रो बैठकमा उहाँले कोभिड- १९ विरुद्ध सबै पार्टी पङ्क्ति एक ढिक्का भएर परिचालित हुन आग्रह गर्नुभयो ।

"कोभिड- १९ विरुद्ध लड्नका लागि स्थानीय तह र जिल्लालाई सिङ्गो परिचालन गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ, एक ढिक्का भएर कोभिडविरुद्ध लड्नका लागि सक्रिय रहन आग्रह गर्नुभयो", बैठकपछि पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो । सरकारले पनि आफ्नो स्थानबाट अधिकतम प्रयास गरिरहेको जानकारी दिँदै कोरोनाको नयाँ भेरियन्टका कारण उत्पन्न हुन सक्ने परिस्थितिको सामना गर्न पार्टी पङ्क्ति सक्रिय हुन र जिल्लाजिल्लामा आवश्यक तयारी गर्न प्रधानमन्त्रीले निर्देशन दिएको परराष्ट्रमन्त्री ज्ञवालीले बताउनुभयो ।

शनिबार साँझ प्रधानमन्त्रीका उपस्थितिमा बसेको कोभिड क्राइसिस म्यानेजमेन्ट विस्तारित बैठकमा निकालिएको निष्कर्षका बारेमा आइतबार जानकारी दिइएको बताउँदै प्रवक्ता ज्ञवालीले पछिल्लो समय असाध्यै धेरै सङ्क्रमण फैलिने कोभिड -१९ को नयाँ भेरियन्ट देखिएको र

*बाँकी तीन पृष्ठमा*

# दुई अर्ब राजस्व छलेका अभियोगमा १३ फर्मसहित १६ विरुद्ध मुद्दा

काठमाडौँ, १२ वैशाख (रासस) ।

नक्कली मूल्य अभिवृद्धि कर (भ्याट) बिल प्रयोग गरी राजस्व छलेका अभियोगमा राजस्व अनुसन्धान विभागले १३ फर्मसहित १६ जनाविरुद्ध मुद्दा दायर गरेको छ । विभागले भ्याट रु ६४ करोड ५० लाख ९७ हजार ८७२ र आयकर रु एक अर्ब ५५ करोड ३६ लाख ९७ हजार ७८४ छलेका अभियोगमा अनिल गुप्ता एण्ड एशोसिएट्सका सञ्चालक अनिलकुमार गुप्ता तथा अङ्कुश ट्रेड एण्ड सप्लायर्सका व्यवस्थापक प्रवीणकुमार महतो तथा १३ फर्मका सञ्चालकसहित १६ जनाविरुद्ध रु दुई अर्ब १९ करोड ८७ लाख ९५ हजार ६१४ बिगो असुल गरी जरिवाना र कैद सजायको माग गर्दै उच्च अदालत पाटन ललितपुरमा शुक्रबार मुद्दा दायर गरेको हो ।

निकी ट्रेडर्सका भुलावन महरा चमार, एनकेडी ट्रेडर्सका सञ्चालक दीपककुमार कायस्थ, जिएन ट्रेडर्सका वकिल देवान, सुवर्ण ट्रेड लिङ्कका सरोज श्रेष्ठ, सञ्जय इण्टरनेशनल इण्टरप्राइजेजका व्यवस्थापक सञ्जय श्रेष्ठ, अंशु ट्रेड लिङ्कका वाणेश्वर महतो, कोमल ट्रेड लिङ्कका सरोज ढकाल, पिएनआर इण्टरप्राइजेजका सञ्चालक राधेश्यामप्रसाद साह तेली, आयान ट्रेड लिङ्कका रत्नगोपाल श्रेष्ठ, सन्ध्या ट्रेडर्सका अभिमान महतो कोहरी, अङ्कुश ट्रेड एण्ड सप्लायर्सका प्रवीणकुमार, लक्की ट्रेड लिङ्कका सञ्चालक अकली हजरा दुसाध, मुअन ट्रेडिङ कन्सर्नका मुअन महरा र दिव्या इण्टरप्राइजेजका सञ्चालक रामचन्द्र माझीविरुद्ध मुद्दा दायर गरिएको विभागका प्रवक्ता शिवलाल तिवारीले राससलाई जानकारी दिनुभयो ।

अभियुक्तले विभिन्न फर्मका नाममा नक्कली बिक्री बिजक जारी गरी बीजकबमोजिमको रकम भुक्तानी लिएर बीजकमार्फत असूल गरेको भ्याट सरकारी कोषमा दाखिल नगरी भ्याट र आयकरसमेत छलेको विभागको अनुसन्धानबाट पुष्टि भएकाले उक्त रकम असूल गरी जरिवाना र कैदसजायको मागदावीका साथ मुद्दा दायर गरिएको उहाँले बताउनुभयो ।

अघिल्लो साता पनि विभागले काठमाडौँ महानगरपालिका-११ त्रिपुरेश्वरस्थित ॐ सर्जिकल कन्सर्न प्रालिका सञ्चालक दलबहादुर भण्डारी तथा भन्सार प्रतिनिधि रामबाबु जमकटेलसहित चार जनाले रु एक करोड छ लाख ७२ हजार ९०९ राजस्व चुहावट गरेका अभियोगमा बिगो जफत एवं असूल गरी जरिवाना र कैद सजाय मागदावीका साथ सोही अदालतमा मुद्दा दायर गरेको थियो । साविकमा अर्थ मन्त्रालयअन्तर्गतको विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएपछि राजस्व चुहावट अनुसन्धान र नियन्त्रणका गतिविधिले गति लिएका छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# कोभिड बढ्न थालेसँगै सडक निर्माणमा अवरोध

काठमाडौं, १२ वैशाख (रासस)।

कोभिड–१९ का कारण काम गर्ने वातावरण नबन्दा चालू आर्थिक वर्षमा पनि लक्ष्यअनुसारको सडक निर्माण नहुने भएको छ। चालू आवको दोस्रो चौमासिकमा सङ्घीय सडक निर्माणले गति लिन थालेको भए पनि पुनःकोभिड–१९ सङ्क्रमण बढिरहेकाले काममा बाधा पुग्न थालेको सडक विभागले जनाएको छ।

गत आवमा अन्तिम चौमासिक र चालू आवको पहिलो चौमासिकसम्म सरकार र वैदेशिक लगानी गरी दुवै किसिमका निर्माणमा अवरोध पुगेको विभागका उपमहानिर्देशक शिव नेपालले बताउनुभयो।

प्रवक्तासमेत रहनुभएका उहाँका अनुसार सङ्क्रमितको सङ्ख्या कम भइरहँदा निर्माणले गति लिन थालेको थियो। अहिले विभिन्न जिल्लामा बन्दाबन्दी शुरु भइसकेकाले निर्माणमा पुनःबाधा पुग्न थालेको उहाँले बताउनुभयो। बन्दाबन्दी लागू भएका जिल्लासँगै त्यस आसपासका जिल्लामा समेत बाधा पुग्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “त्यही जिल्ला भएर अर्को जिल्लामा जानुपर्ने भएमा बन्दाबन्दी भएका सँगै नभएका जिल्लामा पनि निर्माण रोकिन्छ।”

चालू आवमा दोस्रो चौमासिकसम्म आर्थिक प्रगति ३५ प्रतिशत पुगेको विभागले जनाएको छ। एक हजार ८०० किमी सडक कालोपत्रको लक्ष्य लिइएकामा अहिलेसम्म ५५० किमी सडक सम्पन्न भएको छ। तीन सय पुल निर्माण गर्ने लक्ष्य लिइएकामा अहिलेसम्म १२९ पुल सम्पन्न भएको विभागले जनाएको छ।

पहिलो चौमासिकमा देशभर सङ्क्रमितको सङ्ख्या उच्च भएकाले कुनै पनि ठाउँमा नयाँ मान्छे गएर काम गर्ने वातावरण नभएको उहाँले बताउनुभयो। कुनै पनि ठाउँमा निर्माण व्यवसायीले कामदारलाई छुट्टै ‘क्याम्प’ बनाएर राख्दा काम गर्न केही सजिलो भए पनि अरुको घरमा बसेर काम गर्ने अवस्था थिएन। कामदारलाई भाडामा बस्नै नदिएका कारण काममा बाधा पुगेको थियो। उहाँले भन्नुभयो, “कामदार पानी भर्न धारामा वा अरु कामका लागि जाँदा स्थानीयले विरोध गर्ने अवस्था हुँदा दशैँ पहिले खासै काम हुन सकेको थिएन।”

पहिलो चौमासिकमा धेरै र दोस्रो चौमासिकमा थोरै असर पुगेकाले अहिले सामान्य अवस्थामा जसरी काम गर्ने वातावरण नै हुँदा पनि लक्ष्य भेट्न गाह्रो भएको प्रवक्ता नेपालले बताउनुभयो। अन्तिम चौमासिकमा तुलनात्मकरुपमा बढी काम हुने भए पनि यो आवमा त्यो नहुने देखिएको छ।

स्रोत व्यवस्थापनको पनि समस्या केही हदसम्म रहेको विभागले जनाएको छ। अहिले पनि निर्माण सम्पन्न भएका कतिपय योजनामा सरकारले भुक्तानी दिन बाँकी छ। अहिलेसम्म ३५ प्रतिशत खर्च भइसकेको छ। झट्ट हेर्दा ६५ प्रतिशत रकम बाँकी छ भन्ने देखिएको भए पनि वैदेशिक सहायताको आयोजनामा रकमान्तर नहुने प्रवक्ता नेपालले बताउनुभयो।

विभागअन्तर्गतका योजनामा झण्डै ५० प्रतिशत वैदेशिक सहयोगका योजना रहेका छन्। अनुदान वा ऋण सहयोगमा निर्माण हुने कुनै पनि आयोजनामा सम्बन्धित आयोजनाको रकम अन्यत्र लैजान सकिँदैन। उहाँले भन्नुभयो, “त्यो आवमा गर्न सकेमा काम हुने र नभएमा फ्रिज हुने गरेको छ।”

सरकारको आन्तरिक स्रोतबाट निर्माण भइरहेका योजनामा भने कुनै एउटा योजनामा काम नै हुन नसक्ने अवस्थामा त्यो रकम अर्को योजनामा खर्च गर्न सकिने व्यवस्था छ। रकमान्तर गर्न सकिने व्यवस्था भए पनि आवको अन्तिमसम्ममा काम भइहाल्छ कि भन्ने आशा भएकाले सकेसम्म छुटचाइएको रकम सम्बन्धित योजनामा नै खर्च गरिने उहाँको भनाइ छ।

विभागले पटकपटक तोकता गरेर पनि व्यवसायीलाई काम गराउँदै आएको छ। उहाँले भन्नुभयो, “कतिपय व्यवसायी पनि अन्तिम चौमासिकमा काम नभएर अर्को आव पुग्दा भुक्तानी ढिला हुने भएकाले अन्तिम चौमासिकमा काम बढी हुने गरेको छ।”

कतिपय योजना विगतमा सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका थिए। प्रदेशमा हस्तान्तरण भएका योजनामा सङ्घ र प्रदेश दुवैबाट भुक्तानी नभएको प्रवक्ता नेपालले बताउनुभयो। कतिपय योजनामा भने वैदेशिक स्रोत र सरकारको पनि स्रोत भएकाले पनि केही समस्या आएको उहाँको भनाइ छ।

वैदेशिक लगानीका सडक योजनामा चालू आवमा काम अपेक्षा गरिएअनुसार अघि बढ्न सकिरहेको छैन। गत वर्ष पहिलो पटक कोभिड सङ्क्रमित भेटिए यता कतिपय योजनामा निर्माण अझै शुरु हुन नसकेको प्रवक्ता नेपालले बताउनुभयो। कतिपय योजनामा काम शुरु भए पनि गति लिन सकेको छैन।

चिनियाँ सहयोगमा निर्माण शुरु गर्ने भनिएको स्याफ्रुबेंसी रसुवागढी सडकको निर्माण र चक्रपथ दोस्रो खण्डको विस्तार अझै शुरु हुन सकेको छैन। बुटवाल–नारायणगढ सडक विस्तार लामो समयसम्म अवरुद्ध बनेकामा अहिले काम अघि बढाइएको छ। उहाँले भन्नुभयो, “अहिले पनि ढुक्क भएर काम अघि बढ्छ भन्ने अवस्था छैन।”

कोभिडका कारण अहिले पनि विदेशी नेपाल आएर काम गर्ने वातावरण नबनेको प्रवक्ता नेपालले बताउनुभयो। उहाँका अनुसार अरु किसिमका काम अनलाइन गर्न सकिने भए पनि इन्जनीयरिङको काम अनलाइन गरेर हुँदैन। निर्माणस्थलमा नै गएर गर्ने काममा स्थानीयवासीको अवरोधका कारणले वा प्रशासनले कडाइ गर्दा काम गर्न कठिन भइरहेको छ। चालू आवमा वैदेशिक लगानीका योजनामा धेरै असर गरेको उहाँले बताउनुभयो।

पहिलो चौमासिकसम्म नेपालमा नियमित हवाई उडान थिएन। दोस्रो चौमासिकमा नियमित सेवा शुरु भए पनि सम्बन्धित व्यक्ति सजिलो आउने र जाने अवस्था नभएको उहाँको भनाइ छ। कुनै एउटा देशमा सङ्क्रमित कम भएर बन्दाबन्दी खुकुलो गरिरहँदा अर्को देशमा बढी भएमा कडाइ गर्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “धेरै मानिस मानसिकरुपमा निर्माणस्थल पुगेर काम गर्न नचाहेको पनि हुनसक्छ।”

### कोभिडविरुद्ध ...

त्यसका लागि निकै अक्सिजनको आवश्यकता पर्ने भएकाले नयाँ सिलिण्डर व्यवस्था गर्ने, खोपलाई विस्तार गर्नेलगायत विषयमा पनि छलफल भएको बताउनुभयो।

सङ्क्रमणबाट बच्न पूर्णरुपमा बन्दाबन्दी गर्ने सोच नभएको जनाउँदै मन्त्री ज्ञवालीले भन्नुभयो, “सकभर जनजीविकामा प्रतिकूल असर पर्ने गरी बन्दाबन्दी गर्ने तयारी छैन, लकडाउन आफैँमा अन्तिम समाधान होइन, त्यसैले जनतालाई स्वास्थ्य मापदण्ड पालना गराई मुलुकभर कोभिड महामारीको सामना गर्ने तयारी सरकारको छ।”






## विश्व समाचार

### भारतको दिल्लीमा मात्रै एकै दिनमा सबैभन्दा धेरै २४ हजार सङ्क्रमित

नयाँ दिल्ली, १२ वैशाख (रासस/एएनआई)।

भारतको केन्द्रीय राजधानीसमेत रहेको दिल्ली प्रदेशमा कोरोनाभाइरसबाट एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार दिल्ली प्रदेशभरी एक दिनमा २४ हजार १०३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका हुन्। त्यसैगरी दिल्ली प्रदेशमा पछिल्लो २४ घण्टामा ३७५ जनाको मृत्यु भएको पनि सरकारी अधिकारीले जनाएका छन्।

दिल्लीमा अहिले पनि ९३ हजार ८० सङ्क्रमित अवस्थामै रहेका छन्। यो सङ्ख्या पनि अहिलेसम्मकै सबैभन्दा धेरै रहेको बताइएको छ। दिल्लीको स्वास्थ्य विभागले सङ्क्रमित र मृतकको सङ्ख्या दिनप्रति दिन बढ्दै गइरहेको जानकारी दिएको छ। कस्पछिल्लो विवरणअनुसार दिल्लीमा मात्रै अहिलेसम्म १० लाख चार हजार ७८२ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। कोरोनाका कारण दिल्लीमा मात्रै मृत्यु भएकाको सङ्ख्या अहिलेसम्म १३ हजार ८९८ पुगेको दिल्लीको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

कोरोनाभाइरसको परीक्षण गराएकामध्ये ३२.२७ प्रतिशतमा सङ्क्रमण देखिएको स्वास्थ्य अधिकारीले जनाएका छन्। तीमध्ये १.३८ प्रतिशतको त मृत्यु नै हुने गरेको छ। भारतमा देशभरी भने अहिलेपनि २५ लाख ५२ हजार ९४० जना सङ्क्रमित अवस्थामै रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४७ हजार ७८६ जना सङ्क्रमित भएका थिए। भारतमा गत जनवरी १६ देखि कोरोनाभाइरस विरुद्धको खोप अभियान चलिरहे पनि भाइरसबाट सङ्क्रमित र मृतकको सङ्ख्यामा दिन प्रतिदिन वृद्धि हुँदै गएको छ।

### प्रविधिको प्रयोग गर्न चिकित्सक र अस्पताललाई प्रधानमन्त्री मोदीको आग्रह

नयाँ दिल्ली, १२ वैशाख (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले प्रविधिको प्रयोग अधिकतम गरेर सेवा सञ्चालन गर्न स्वास्थ्यकर्मी र अस्पताललाई आग्रह गर्नुभएको छ। “मन की बात” नामक रेडियो कार्यक्रमको ७६औं शृङ्खलामा बोल्ने क्रममा उहाँले स्वास्थ्यकर्मीले सूचना र प्रविधिको प्रयोग गरेर स्वास्थ्य सेवा दिन सकेमा कोरोनाभाइरस विरुद्धको लडाइँ प्रभावकारी हुने बताउनुभयो। प्रविधिको प्रयोग गरेर विशेषगरी कोरोनाभाइरससम्बन्धी सल्लाह दिने, सेवा सुविधाका बारेमा बताउने, सचेतना जगाउने लगायतका कार्य गर्नु उपयुक्त हुने उहाँको भनाइ थियो।

“स्वास्थ्यकर्मी नै कोरोनाभाइरस विरुद्धको अग्रपङ्क्तिका लडाका हुन्, उनीहरुले नै यसमा धेरै खट्नु र सहयोग गर्नुपर्दछ,” उहाँले भन्नुभएको छ। स्वास्थ्यकर्मीका विभिन्न अनुभव अहिले सबैका लागि उपयोगी हुने प्रधानमन्त्री मोदीले बताउनुभयो। विज्ञको सुझाव, सल्लाह यतिबेला अति महत्वपूर्ण हुने भएकाले उहाँहरुले प्रविधिमार्फत आफ्नो ज्ञान बाँडिरहनु पर्नेमा उहाँले जोड दिनुभयो। कोरोनाभाइरसबाट धेरै प्रभावित भएको भारतमा अहिले दैनिक झण्डै साढे तीन लाख मानिस सङ्क्रमित हुने गरेका छन्। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४९ हजार ६९१ जना सङ्क्रमित भएका छन्। त्यसैगरी सोही अवधिमा भारतभरी गरेर कुल दुई हजार ७६७ जनाको कोरोनाकै कारणले मृत्यु भएको छ।

### इराकको कोभिड अस्पतालमा आगलागी, कम्तीमा २३ जनाको मृत्यु

बग्दाद, १२ वैशाख (रासस/एएफपी)।

इराकको राजधानी बग्दादस्थित इबन अल–खातिभ अस्पतालको कोरोनाभाइरस सघन उपचार कक्षमा आइतबार भएको आगलागीमा परेर कम्तीमा २३ जना बिरामीको मृत्यु भएको छ। स्वास्थ्य अधिकारीका अनुसार अक्सिजन सिलिन्डर विस्फोटबाट आगलागी शुरु भएको थियो। उक्त अस्पतालमा अग्निनियन्त्रणको व्यवस्था नभएको कारण अस्पतालभित्रका प्रज्ज्वलनशील अरु सामानमा आगो तत्कालै सल्किएको थियो। दशकौंदेखिको द्वन्द्व र थोरै लगानीका कारण इराकी अस्पतालको अवस्था अत्यन्त दयनीय छ। अस्पतालमा औषधि र शैयाको पनि अभाव छ। उक्त दुर्घटना लगत्तै सामाजिक सञ्जालमा तीव्र आक्रोश व्यक्त भएको छ। प्रधानमन्त्रीले आगलागीको कारणका बारेमा अनुसन्धान गर्न आदेश दिनुभएको छ।

आगलागी हुँदा उक्त अस्पतालमा कोभिड–१९ का सख्त बिरामी ३० जनालाई राखिएको थियो। मध्यरातमा आगलागी भएलगत्तै अग्निनियन्त्रक अस्पताल पुगेका थिए। अस्पतालमा कार्यरत कर्मचारी र बिरामी एवम् आफन्त भागभाग गरेका दृश्य सामाजिक सञ्जालमा पोष्ट गरिएका थिए। अस्पतालको प्रशासनका अनुसार अधिकांश बिरामीलाई अन्यत्र सार्नु परेको र भेन्टिलेटर हटाउँदा बिरामीको ज्यान गएको हो। कतिपयको धुँवाले निस्सासिएर मृत्यु भएको थियो। अस्पतालबाट १२० जना बिरामी र उनीहरुका आफन्तमध्ये ९० जनालाई सुरक्षितरुपमा बाहिर निकालिएको छ। तर कम्तीमा ५० जनालाई आगोले पोलेको छ।

इराकमा बुधवार कोभिड–१९ का बिरामीको सङ्ख्या १० लाख नाघेको छ। यो अरब मुलुकमै सबैभन्दा बढी हो। इराकी स्वास्थ्य मन्त्रालयले गत फेब्रुअरी २०२० मा पहिलो सङ्क्रमण देखिएयता हालसम्म १५ हजार २१७ जनाको मृत्यु भएको जनाएको छ। करिब चार करोड जनसङ्ख्या रहेको इराकमा हाल दैनिक ४० हजारको स्वास्थ्य परीक्षण गरिरहेको पनि मन्त्रालयले बताएको छ। मन्त्रालयका अनुसार इराकका कम्तीमा दुई लाख ७५ हजार व्यक्तिले पहिलो डोज खोप लगाएका छन्।

# माओवादी केन्द्र राजविराज नगरको विभिन्न कमिटि गठन

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**



नेकप (माओबादी केन्द्र) सप्तरीको नगरको जनसंगठन बिस्तार तथा सुदृढिकरण अभियानको आइतबार राजविराजमा एक कार्यक्रमविच उद्घाटन गरिएको छ ।

राजविराज नगरपालिको आयोजनामा नगरपालीका स्तरीय कार्यकर्ता भेला रामगमन साहको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका केन्द्रीय कमिटी सदस्य तथा जिल्ला पार्टी अध्यक्ष अशोक मण्डलले अभियानको उद्घाटन गरेका हुन् ।

सो अवसरमा प्रदेश २ का पार्टी कमिटी सदस्य महेशप्रसाद यादव, छेदि रजक, अरुण साह, जिल्ला सदस्यहरु मेख वहादुर तामाङ, वरिष्ठ पत्रकार अनिल कुमार अनल, शिक्षक विष्णु प्रसाद साह, भुपेन्द्र प्रसाद यादव लगायतले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

अभियान अर्न्तगत रामगमन साहको अध्यक्षतामा १ सय १ सदस्यीय नगर समिति चयन गरिएको छ । सो समितिको उपाध्यक्षद्वय हिरा खान, मधुसुदन यादव, सचिवमा अरविन्द कुमार यादव, सहसचिवमा प्रमोद साह र कोषाध्यक्षमा प्रमिला यादव रहेका छन ।

यस्तै सदस्यहरुमा मो.इसराइल, हरेराम यादव, अजय कुमार दास, मनोज कुमार यादव, हिमान्सु साह, ममता कुमारी दास, बुधराम मंडल, रमेश यादव, मो. हदिस, विरेन्द्र देव, रामचन्द्र यादव, संजय साह, सुरेन्द्र यादव, दिनानाथ यादव, बलराम यादव, राम सुन्दर रजक, रामप्रसाद याादव, विनोद कुमार यादव, पशुपति मंडल, रामकुमार सदा, सुरेन्द्र मेहताा लगाायत सदस्य रहेका छन ।

त्यसै गरि जनवर्गिय संगठन किसान नगर समितिको इसराईल तथा हरेराम यादव, विद्यार्थी संयोजकमा हिमान्सु साह, महिला संयोजकमा प्रमिला यादव र सहसंयोजकमा ममता कुमारी दास रहेका छन् ।

मधेसी संयोजकमा बुधराम मंडल, सहसंयोजकमा रमेश यादव, मुस्लिम संयाोजकमा मो. हदिस, ओविसि संयोजकमा विरेन्द्र देव, मजदुर संयोजकमा रामचन्द्र यादव, सहसंयोजकमा संजय साह, वुद्धिजिवि संयोजकमा दिनानाथ यादव, सहसंयोजकम रामसदर यादव, साँस्कृति संयोजकमा रामप्रसाद यादव, निर्माण व्यवसाय संयोजकमा विनोद कुमार यादव, दलित संयोजकमा पशुपति मंडल, सहसंयोजक रामकुमार सदालाइ नगर कमिटी गठन गरी जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय भएको जनाइएको छ ।

# वडा अध्यक्षले मनपरी ढंगले काम गरे : वडा सदस्यहरु

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**



सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष र सदस्यहरुबीचको आन्तरिक विवाद उत्कर्षमा पुगेको छ ।

सो वडाका निर्वाचित चार सदस्यले वडा अध्यक्ष मनोज कुमार यादवले सरकारी ऐन, नियम र कानुनलाई पाखा लगाउँदै मनपरी ढंगले काम गरिरहेको आरोप लगाएका छन् ।

आइतबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि वडा सदस्य अताहुसैन मियाँ, शैलेशकुमार यादव, सकुन्तीदेवी मुखिया र गितादेवी मण्डलले संयुक्त रुपमा वडा अध्यक्षले मनोमानी ढंगले गोप्य रुपमा काम गरिरहेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलनमा वडा सदस्य शैलेशकुमार यादवले वडा अध्यक्ष यादव आफूसहित सबै निर्वाचित वडा सदस्यलाई कुनै किसिमको सूचना नदिई गोप्य रुपमा आफूखुशी काम गरिरहेको आरोप लगाए । उनले वडा कार्यालयको गतिविधी र सूचना अध्यक्षले लुकाउन थालेपछि जिल्ला प्रशासन कार्यालयदेखी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्म निवेदन दिएको बताए ।

पत्रकार सम्मेलनमा अर्का वडा सदस्य गितादेवी मण्डलले बजेट निर्माणका बेला पनि वडा अध्यक्ष यादवले मनपरी ढंगले विभिन्न शिर्षकमा बजेट छुट्याउनुका साथै विकास निर्माणको काममा समेत आवश्यक प्रक्रिया पुरा नगरि गोप्य ढंगले उपभोक्त समितिको गठन गरि आसेपासेलाई काम दिएको दाबी गरिन् ।

त्यस्तै अर्का वडा सदस्य सुकुन्तीदेवी मुखियाले वडा कार्यालयबाट भ्रष्टाचार भइरहेको दाबी गर्दै त्यस्ता कार्यको उच्चस्तरिय टोलीबाट छानबिन हुनु पर्ने माग गरिन् । अर्का सदस्य अताहुसैन मियाँले ऐन कानुन मिचेर अघि बढेका वडा अध्यक्षमाथी कारवाही नगरिए चाडै आन्दोलनमा जाने तयारी भइरहेको जानकारी पनि दिए ।

यता वडा अध्यक्ष यादवले वडा सदस्यहरुद्वारा पत्रकार सम्मेलन गरि लगाइएको आरोप निराधार रहेको दाबी गर्दै आफूबाट हालसम्म भएका कामकाज सबै पारदर्शी र कानुनी व्यवस्था भित्रै रहेर गरिएको ठोकुवा गरे ।

उनले विपक्षि समूहले वडा सदस्यहरुलाई उक्साएर आफूलाई काम गर्न नदिन तथा बदनाम गर्न यस्तो झुठा आरोप लगाएको दाबी समेत गरेका छन् ।

### *तीन हजार १ सय २२ ...*

सुर्खेतमा ११८, मोरङमा ११० र कास्कीमा १०५ जनामा संक्रमण पुष्टि भएको छ ।

काठमाडौं उपत्यकाका तीनवटै जिल्ला, बाँके, कास्की, रूपन्देही र सुर्खेतमा सक्रिय संक्रमितको संख्या ५०० नाघिसकेको छ । पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणमुक्त हुनेको संख्या ४५० रहेको छ ।

# जग्गा विवादमा महिला निर्घात कुटिइन्



**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**

राजविराज नगरपालिका ९ मलेठस्थित जोलहरी टोलकी एक महिला जग्गा विवादमा निर्घात कुटएकी छिन् ।
सो टोल निवासी ४२ वर्षिया रोशन खातुन जग्गा विवादमा शनिबार ारती आफ्नै छिमेकीहरुबाटै निर्घात कुटिएकी हुन् ।

उनको हाल गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । शनिबार भएको उक्त घटना बारे खबर गर्दा आइपुगेको प्रहरी टोलीलाई देख्ना साथ उनीहरु भागेको पीडित महिला खातुनले सुनाइन् । आइतबार घाउँजाच केश फारम गराई पीडकलाई कारवाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन पत्र समेत बुझाइएको छ ।

पीडित महिला खातुनका अनुसार आफ्नो नम्बरी जग्गामा जबरजस्ती नयाँ संरचना निर्माण गर्न लागिएको बेला प्रतिकार गर्दा सोही वडाका छोटेलाल यादव, मो ताहिर, जिबरिल मियाँ र इस्माइल मियाँले बास र लाठीको फट्ाले निर्घात कुटपिट गरेका हुन् ।

खातुनको नाउँमा रहेको उक्त जग्गामा यसअघि पनि सो पक्षले घेरबारको प्रयास गरेको तथा सोही विषयमा बसेको पंचायतीले जग्गाको प्रमाण भएको पक्षले मात्र नयाँ संरचना निर्माण गर्न पाउने सहमति बनेको स्थानियले बताएका छन् ।

तर सहमति विपरीत पटक पटक एक पक्षद्वारा उक्त जग्गामा नयाँ संरचनाको निर्माणको प्रयास गरिएपछि विवाद हुँदै आएको स्थानियले बताएका छन् ।

### *गर्भपतन मुद्दामा फरार ...*

रामलाई २०७८ बैशाख ६ गते गाउँमा लुकिछिपी बसेको अवस्थामा ईलाका प्रहरी कार्यालय कडरबोना सप्तरीबाट खटेको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ गरिएका उनलाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानका लागी कारागार चलान गरिएको जनाइएको छ ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको
  स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*